# रुवी भ्याली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल ।

पत्र सख्या: २०८०/०८१
चलानी नं.:

मिति:२०८०।०४।०१

## ***सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।***

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को नियम (४) अनुसार **सामाजिक सुरक्षा परिचयपत्र नवीकरण** गर्नु पर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाको ६ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पूर्ण लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई ***मिति २०८० श्रावण १ गते देखि मिति २०८० भाद्र मसान्त*** भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा भत्ताको परिचयपत्र यथासिघ्र नवीकरण गर्नुहुन सूचित गरिन्छ । साथै **दलित बालबालिका, अशक्त तथा अपांङ्गता** वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा,बुबा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

आवश्यक कागजातहरु:

- नागरिकताको प्रमाणपत्र सक्कल/प्रतिलिपी,
- बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपी,
- विधवा महिलाको हकमा पतिको मृत्यू दर्ता प्रमाणपत्रको प्रतिलिपी तथा दोश्रो विवाह नगरेको सिफारिस,
- न्यायिक पृथकीकरण गरी बसेको महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण,
- एकल महिलाको हकमा ६० बर्ष पुगी विवाह नगरेको वडा कार्यालयको सिफारिस,
- अपांङ्गको हकमा गाउँपालिकाबाट जारी भएको अपांङ्गता परिचयपत्र "क" र "ख" वर्ग परिचयपत्रको प्रतिलिपी ।

**पुनश्चः**
सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवेदनको ढाँचा यसै साथ संलग्न छ ।

नविन कुमार गोले
प्रमुख प्रशासकीय अधिकृत

**श्री वडा अध्यक्ष ज्यु** **मिति :**
**वडा नं .... , रुबीभ्याली गाउँपालिका,**
**सेर्तुङ, धादिङ**

**विषय : सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धमा।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली २०७७ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउनको लागि प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र नविकरण गर्नुपर्ने प्राबधान अनुरुप चालु आर्थिक वर्ष .................. को लागि सामाजिक सुरक्षा भत्ता पाउनको लागि देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु। मैले राज्यकोषबाट मासिक पारिश्रमिक, पेन्सन वा यस्तै प्रकारको अन्य कुनै पनि सुविधा पाएको छैन। व्यहोरा ठिक साँचो हो, झुट ठहरे प्रचलित कानुन बमोजिम सहँला, बुझाउँला।

**सामाजिक सुरक्षा भत्ताको किसिम :**

- ☐ जेष्ठ नागरिक (७० वर्ष माथि)
- ☐ जेष्ठ नागरिक (दलित)
- ☐ जेष्ठ नागरिक (एकल)
- ☐ जेष्ठ नागरिक (क्षेत्र तोकिएको)
- ☐ अपाङ्गता क वर्ग
- ☐ अपाङ्गता ख वर्ग
- ☐ विधवा
- ☐ लोपन्मुख जाती
- ☐ बाल पोषण भत्ता

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण :**

नाम : सामाजिक सुरक्षा परिचय पत्र नं :
जन्ममिति :
नागरिकता नं: जारी मिति:
बाजेको नाम: जारी जिल्ला:
बाबुको नाम:
आमाको नाम:
पति/पत्नीको नाम:
सम्पर्क नं:
निवेदकको दस्तखत:

**बालबालिका तथा अपाङ्गता तथा आफै उपस्थित हुन नसकेको हकमा :**

संरक्षकको नाम: लाभग्राहीसँगको नाता:
नागरिकता नं: जारी मिति:
सम्पर्क नं: जारी जिल्ला:
संरक्षकको दस्तखत:

---

**कार्यालय प्रयोजनको लागि**

नविकरण गर्नेको नाम:
पद : दर्ता नं. :
दस्तखत :
मिति : दर्ता मिति :